म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

समृद्ध समाज
SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्षः१६ अङ्कः- २१ २०८१ मंसिर २२ गते शनिबार 7 December 2024, Saturday - पृष्ठ ४ मूल्य रु. ५/-



प्रविधिमैत्री शिक्षालाई जोड दिन जरुरी: मुख्यमन्त्री लामा

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेशका मुख्यमन्त्री बहादुर सिंह लामाले प्रविधिमैत्री शिक्षालाई जोड दिन जरुरी रहेको बताउनुभएको छ। शुक्रबार हेटौंडा-१, चाइनाक्वाटरस्थित अमर माध्यमिक विद्यालयको ३२ औं अभिभावक भेलालाई सम्बोधन गर्नुहुँदै मुख्यमन्त्री लामाले ज्ञानसँगै व्यवहारिक तथा प्रविधिमैत्री शिक्षालाई जोड दिए मात्र शैक्षिक विकासले फड्को मार्ने बताउनुभयो।

प्रदेश सरकारले शैक्षिक सुधारदेखि तालिम, सीप पनि सिकाइरहेको उहाँको भनाई छ। यस्तै विद्यालयको अवस्थालाई मध्यनजर गर्दै आगामी दिनमा निमुखा, अभिभावकविहीन र विपन्न विद्यार्थीको शिक्षाको जिम्मेवारी प्रदेश सरकारले लिने प्रतिबद्धता मुख्यमन्त्री लामाले जनाउनुभयो। पछिल्लो समय सामुदायिक विद्यालयप्रति विद्यार्थीको आकर्षण बढेको भन्नुहुँदै सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर विकासका लागि सबैको भूमिका जरुरी रहेको उहाँले औंल्याउनुभयो। रोजगारमूलक शिक्षा दिए विदेश पलायनको दरलाई पनि रोक्न सकिने विश्वास उहाँले व्यक्त गर्नुभयो।

अभिभावक भेलामा प्रधानाध्यापक मालती उप्रेतीले विद्यालयको प्रगति विवरण प्रस्तुत गर्नुहुँदै विद्यार्थी बिरामी हुँदा अभिभावकलाई फोन गरी जानकारी दिएर घर जाँदाको रेकर्ड, विद्यार्थीले अनुशासनहिन काम गरेमा परामर्श दिँदै असल बानी निर्माणमा लागेको र त्यस्ता विद्यार्थीको रेखर्ड राख्ने जस्ता काम विद्यालय गरिएको भन्दै ५० बुँदे उपलब्धी सार्वजनिक गर्नुभयो। उहाँले कक्षाकोठा, खेलमैदान, सभाहलको पूर्ण व्यवस्था गर्न नसकिएको, छात्राबास, यातायात अभावसँगै विद्यालय नर्सको व्यवस्था हुन नसकेको जानकारी दिनुभयो। यस्तै भौतिक निर्माण र शैक्षिक विकासका लागि आर्थिक स्रोत जुटाउन कठिन, नियमित आम्दानीको स्रोत नभएको बताउनुभयो। विषयगत शिक्षकको कमि, माध्यमिक दरबन्दी नभएको, अभिभावकहरुको सक्रिय सहभागिताको अभाव, शैक्षिक सामग्री निर्माण र प्रयोगमा कमि, शिक्षकहरुमा विज्ञान र प्रविधिको ज्ञानको कमि रहेको जानकारी दिनुभयो।

विद्यालय बाल विकास सहजकर्ता २, प्राथमिक तहका ११ महिला र ३ पुरुष गरी १४ शिक्षक, निम्न माध्यमिक विद्यालय तहका २ महिला र २ पुरुष गरी ४ शिक्षक रहेका छन्। यसैगरी माध्यमिक विद्यालय तहका एक महिला र एक पुरुष गरी २ शिक्षक, लेखा कर्मचारी एक महिला, सहयोगी कर्मचारी महिला २ र कुचिकार एक महिला गरी २० जना महिला र ६ पुरुष गरी २६ जना शिक्षक कर्मचारी रहेका छन्। विद्यालयमा बाल विकासकक्षादेखि १० कक्षासम्म ३ सय छात्रा र ३ सय ३३ छात्र गरी ६ सय ४९ विद्यार्थी अध्ययनरत् छन्।

अभिभावक भेलामा प्रधानाध्यापक मालती उप्रेतीसहित शिक्षक, विद्यार्थी, अभिभावक सम्मानित भएका छन्। हेटौंडा उपमहानगरपालिकाबाट उत्कृष्ट प्रधानाध्यापकको रुपमा सम्मानित भइसक्नुभएकी प्रधानाध्यापक उप्रेतीलाई विद्यालय व्यवस्थापन समितिले सम्मान गरेको हो। एसईईमा उत्कृष्ट अंकसहित विद्यार्थी उत्तीर्ण गराउन सफल विषयगत शिक्षक, उत्कृष्ट सिकाई उपलब्धी हासिल गर्ने शिक्षक, कर्मचारी, असल अभिभावकलाई पनि सम्मान गरिएको थियो। विद्यालयका सहयोगी, विद्यालय व्यवस्थापन समितिका पूर्वअध्यक्ष, अक्षयकोषदाता, एसईईमा उत्कृष्ट अंक ल्याउने विद्यार्थी, अनुशासित विद्यार्थी, २०८० सालको परीक्षामा उत्कृष्ट हुने कक्षा १ देखि १० सम्मका विद्यार्थीलाई शैक्षिक सामग्रीसहित पुरस्कृत गरिएको छ। विद्यालय व्यवस्थापन समितिका अध्यक्ष उमाकान्त गौतमको अध्यक्षता तथा बागमती प्रदेश सरकारका मुख्यमन्त्री बहादुर सिंह लामाको प्रमुख आतिथ्यतामा कार्यक्रम भएको हो।

दोलखा र चितवनमा दुर्घटनामा ३ जनाको मृत्यु

समाज संवाददाता

हेटौंडाः दोलखा र चितवन जिल्लामा भएको छुट्टाछुट्टै दुर्घटनामा ३ जनाको मृत्यु भएको छ। दोलखा जिल्लाको भिमेश्वर नगरपालिका-५, अनाथालयमा ट्याक्टरको ढालाबाट लडेर घाइते भएका बालकको उपचारको क्रममा मृत्यु भएको हो। बिहीबार दिउँसो १२ बजेर ४० मिनेटको समयमा अपररोडबाट चरिकोटतर्फ जाँदै गरेको लु ४ त ४१२६ नम्बरको खाली ट्याक्टरको पछाडी ढालाबाट खसेर बालकको मृत्यु भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ।

ढालाबाट खसेर बैतेश्वर गाउँपालिका-४ घर भई हाल भिमेश्वर नगरपालिका-३ चरिघ्याङ बस्ने १४ वर्षीय युवराज बस्नेत घाइते भएका थिए। बस्नेतको च्छो-रोल्पा अस्पतालमा सामान्य उपचार पश्चात थप उपचारका लागि ग्राण्डी अस्पताल काठमाडौं लगिएको थियो। बस्नेतको बिहीबार राती ७ बजेर १५ मिनेटको समयमा उपचारको क्रममा मृत्यु भएको प्रहरीले जानकारी दिएको छ। ट्याक्टर चालक मकवानपुरको मकवानपुरगढी गाउँपालिका-१ बस्ने २५ वर्षीय अशोक लुङ्वालाई प्रहरीले नियन्त्रणमा लिएको छ।

चितवन जिल्लाको रत्ननगगर नगर पालिका-१०, भानुचोकमा भारतीय ट्रकले ठक्कर दिँदा पैदलयात्रीको मृत्यु भएको छ। मृत्यु हुनेमा रत्ननगगर नगरपालिका-२, शिवालयटोलका २७ वर्षीया बिन्दा भुजेल रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ। बिहीबार पूर्व-पश्चिम राजमार्गमा बीरगंजबाट भरतपुरतर्फ जाँदै गरेको जीसि १३१९ नम्बरको ट्रकले ठक्कर दिँदा भुजेल घाइते भएकी थिइन्। घाइते भुजेललाई उपचारका लागि भरतपुर अस्पताल लगिएकोमा उपचारको क्रममा बिहीबार राती १ बजेर ४० मिनेटको समयमा डाक्टरले मृत घोषणा गरेको प्रहरीले जनाएको छ। ट्रक चालक भारत मोतिहारीका २४ वर्षीय नशिम अख्तरलाई जिल्ला प्रहरी कार्यालय चितवनले नियन्त्रणमा लिएको छ।

चितवन जिल्लाको भरतपुर महानगरपालिका-३, पुलचोकमा ट्रकले ठक्कर दिँदा पैदलयात्री मृत्यु भएको छ। बिहीबार राती १ बजेको समयमा पोखरा बसपार्कबाट गैंडाकोटतर्फ जाँदै गरेको लु २ ख ५२८१ नम्बरको ट्रकले ठक्कर दिँदा महिलाको मृत्यु भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ। ट्रकको ठक्करबाट मृत्यु भएकी अन्दाजी ४५ वर्षीया पैदलयात्री महिलाको परिचय खुल्न सकेको छैन। ट्रकको ठक्करबाट घाइते महिलालाई उपचारका लागि भरतपुर अस्पताल लगिएकोमा राती १ बजेर ४५ मिनेटको समयमा डाक्टरले मृत घोषणा गरेको प्रहरीले जानकारी दिएको छ। मृतक महिला मागी खाई हिंड्ने गरेको पाइएको प्रहरीले जानकारी दिएको छ। ट्रक र चालक बाँके जिल्लाको राप्ती नगरपालिका-१ का रेशम गिरीलाई शप्रहरीले नियन्त्रणमा लिएको छ

प्रदेश लोकसेवा आयोगका सदस्य खड्काले लिए सपथ

रामबहादुर खड्कालाई लोकसेवा आयोग सदस्यको सपथ गराउँदै ।

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेश लोकसेवा आयोगका नवनियुक्त सदस्य राम बहादुर खड्काले पद तथा गोपनीयताको सपथ ग्रहण गर्नुभएको छ। शुक्रबार प्रदेश प्रमुख कार्यालय हेटौंडामा आयोगका अध्यक्ष महेश्वर श्रेष्ठले नवनियुक्त सदस्य खड्कालाई सपथ गराउनुभएको हो।

प्रदेश प्रमुख दीपक प्रसाद देवकोटा तथा मुख्यमन्त्री बहादुर सिंह लामाको उपस्थितिमा सदस्य खड्काले सपथ ग्रहण गर्नुभएको हो। प्रदेश लोकसेवा आयोग ऐन, २०७६ को दफा ३ को उपदफा (१) बमोजिम गठित सिफारिस समितिको सिफारिसमा ऐनको दफा ४ को उपदफा (२) बमोजिम गत मंसीर १३ मा खड्का आयोगको सदस्यमा नियुक्त हुनुभएको थियो। गत कात्तिक २ मा आयोगका सदस्य सुदर्शन ढकालले पदबाट राजिनामा दिनुभएपछि रिक्त सदस्य पदमा खड्का नियुक्त हुनुभएको हो।

आयोगको अध्यक्षमा श्रेष्ठको नियुक्तिको विषयलाई लिएर ढकालले असन्तुष्टि व्यक्त गर्दै कात्तिक ११ गतेबाट लागु हुनेगरी पदबाट राजिनामा दिनुभएको थियो। आयोगको कुल ३ सदस्य मध्ये एक महिला सदस्यमा कांग्रेसबाट शर्मिला न्यौपाने हुनुहुन्छ।

दोलखा जिल्लाको गौरीशंकर गाउँपालिका-५ का खड्का प्रमुख प्रतिपक्षी दल माओवादी कोटामा आयोगको सदस्य नियुक्त हुनुभएको हो। खड्का प्राध्यापन क्षेत्रबाट आयोगको सदस्य बन्नुभएको हो। उहाँ दोलखा जिल्लाको सिंगटीस्थित प्रताप स्मृति क्याम्पसका प्रमुख हुनुहुन्थ्यो। माध्यमिक तह स्थायी शिक्षक खड्काले कालीनाग माध्यमिक विद्यालयमा अध्यापन गराउँदै आउनुभएको थियो। आयोगको सदस्य हुने निश्चित भएसँगै उहाँले गत कात्तिकमा शिक्षण पेशाबाट अवकास लिनुभएको हो।

भैरव अर्याल स्मृति साहित्य सम्मान रामकुमारलाई

समाज संवाददाता

हेटौंडाः भैरव अर्याल स्मृति साहित्य सम्मान-२०८१ बाट हास्यव्यंग्यकार रामकुमार पाँडेलाई सम्मान गरिने भएको छ। साहित्य संगम मकवानपुरले शुक्रबार प्रेस विज्ञप्ति जारी गर्दै २१ हजार एक सय ११ रुपैयाँसहित पाँडेलाई सम्मान गर्न लागिएको जनाएको छ। साहित्य संगम मकवानपुर र सिस्नुपानी नेपाल मकवानपुरको संयुक्त आयोजनामा प्रत्येक वर्ष समर्पण गर्दै आइरहेको सम्मान यस वर्ष पाँडेलाई समर्पण गरिने निर्णय गरिएको संगमका अध्यक्ष डीबी बर्तौला र सिस्नुपानीका अध्यक्ष संप्रस पौडेलको संयुक्त हस्ताक्षर रहेको विज्ञप्तिमा उल्लेख्य गरिएको छ। भैरव अर्यालको अर्धकदको प्रतिमा रहेको पुष्पलाल स्मृति पुस्तकालय परिसरमा आउँदो पुस १५ गते पाँडेलाई सम्मान समर्पण गरिनेछ। हास्यव्यंग्यकार भैरव अर्यालको स्मृतिमा छोरा दीपक अर्यालले उक्त पुरस्कार स्थापना गर्नु भएको हो।

७ जना बालश्रमिकको उद्दार

समाज संवाददाता

हेटौंडाः मकवानपुरको भीमफेदी गाउँपालिकाबाट ७ जना बालश्रमिकहरुलाई उद्दार गरिएको छ। आइतबार भीमफेदी गाउँपालिकाको संयोजन, बागमती प्रदेशको श्रम तथा रोजगार कार्यालय, बालहेल्पलाइन र छोराछोरी नेपालको संयुक्त समन्वयमा खटिएको टोलीले ७ जना बालश्रमिकलाई उद्दार गरेको हो।

उनीहरुलाई वडा नम्बर ६ स्थित फरक-फरक होटलबाट उद्दार गरिएको बालहेल्पलाइन मकवानपुरका कार्यक्रम संयोजक झविन्द्र ज्ञवालीले जानकारी दिनुभयो। उद्दार हुनेहरुमा मनहरी-४ का एक जना १६ वर्षीय र दुई जना १५ वर्षीय बालक रहेका छन्। यस्तै, राक्सिराङ गाउँपालिकाका १४ वर्षीय बालक, कैलाश गाउँपालिका-७ की १४ वर्षीया बालिका र भीमफेदी-६ का १३ र १४ वर्षका बालक रहेका छन्।

उद्दार गरिएका ७ जना बालश्रमिक बालहेल्पलाइनको संरक्षणमा रहेका छन्। श्रम कार्यालयले उक्त होटलहरुलाई ७ दिनभित्र कागजातसहित उपस्थित हुन भनेको छ भने कारबाही प्रक्रिया अगाडि बढाइने जनाएको छ। अनुगमनमा भीमफेदी-९ का वडाध्यक्ष प्रकाश पुडासैनी, महिला बालबालिका शाखाकी प्रमुख विमला बर्तौला, श्रम कार्यालयका प्रमुख छन्दनारायण श्रेष्ठ र छोराछोरी नेपालकी निर्देशक शैलजा सिएमलगायतको उपस्थिति रहेको थियो।

ट्रिपर दुर्घटनामा चालकको मृत्यु

समाज संवाददाता

हेटौंडाः मकवानपुरको बकैया गाउँपालिका-५, झाक्रीडाँडामा ट्रिपर दुर्घटना हुँदा चालकको मृत्यु भएको छ।

शुक्रबार बिहान ८ बजेर १५ मिनेटको समयमा निर्माणाधिन काठमाडौं-तराई/मधेश द्रुतमार्गमा (फास्ट ट्र्याक सडकखण्ड) मा हात्तिसुडेबाट फास्ट ट्र्याकको बाटोका लागि ग्रावेल लोड लिई जाँदै गरेको ना ८ ख २४३० नम्बरको ट्रिपर आफैं अनियन्त्रित भई सडकबाट ३० मिटर तल खोल्सामा खसेर दुर्घटना भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जानकारी दिएको छ। दुर्घटनामा परेर ट्रिपर चालकको चितवनका ४२ वर्षीय सानु लो तामाङको मृत्यु भएको छ। ट्रिपरमा च्यापिएर घटनास्थलमै तामाङको मृत्यु भएको प्रहरीले जानकारी दिएको छ।

परियारको मृत्यु

समाज संवाददाता

हेटौंडाः हेटौंडा-१०, बसपार्कमा बिरामी अवस्थामा फेला परेकी महिलाको उपचारको क्रममा मृत्यु भएको छ।

बुधबार दिउँसो २ बजेर ३० मिनेटको समयमा ३५ वर्षीय कञ्चन परियार नाम बताउने महिला बिरामी अवस्थामा फेला परेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ। परियारलाई प्रहरीले उद्दार गरी उपचारका लागि हेटौंडा अस्पताल लगेको थियो। परियारको उपचारको क्रममा बिहीबार दिउँसो १ बजेर ३५ मिनेटको समयमा डाक्टरले मृत घोषणा गरेको प्रहरीले जानकारी दिएको छ। कञ्चनको ठेगाना नखुलेको प्रहरीले जनाएको छ।

एनपीएल क्रिकेट मजजा लिऔं

NPL
Nepal Premier League
Ncell
THE GULSHAN SHOW AWAITS
7 DEC
SATURDAY
09:00 AM
01:00 PM
Lumbini Lions V Sudurpaschim Royals
Karnali Yaks V Biratnagar Kings

शितल
मौसममा
मिठो मःम,
चिया र
खाजासँगै

Hetauda-4, School Road
buddhabar&restaurant
For Delivery
9802923576

बुद्ध बार एण्ड रेष्टुरेन्ट
हेटौंडा-४, स्कूलरोड

मोबाईलको लत

आभान भट्टराई

विराटनगर नामको एउटा सहरमा विनिता नामकी केटी आफ्नो परिवारसँग बस्थी । ऊ स्वभावैले एक्लै बस्न मन पराउँथी । न त उसले साथीहरूसँग समय बिताउँथी, न परिवारसँग धेरै कुरा नै गर्थी ।

एक दिन, विनिता आफ्नो कोठामा एक्लै बसिरहेकी थिई । "बिनिता, के भयो तिमीलाई ? यति धेरै एक्लै किन बस्छ्यौ ?" आमाले सोध्नुभयो ।

"केही भएको छैन, आमा । मलाई एक्लै बस्न मन लाग्छ त्यसैले ।" विनिताले हतारहतार उत्तर दिई ।

"केही भएको छैन भने किन कसैसँग बोल्दिनौ ? पढ्न पनि मन गर्दिनौ । परीक्षा नजिकै आएको छ । यो बेला यस्तो लापरबाही राम्रो होइन नि है । आमाले अलि गम्भीर हुँदै भन्नुभयो ।"

विनिताले अलि रिसाएर, "मैले भनिसकेँ नि, केही भएको छैन भनेर । मलाई एक्लै बस्न मन लाग्छ त म के गरुँ क्या ।"

आमाको कुरा नसुनी विनिता आफ्नो कोठामा गई । उसले त्यहाँ मोबाइल चलाउन थाली हाली ।

परीक्षा आउन अझै केही दिन मात्र बाँकी थियो ।

"छोरी, किताब निकालेर पढ त । परीक्षा आउन अब केही दिन मात्र बाँकी छ ।" आमाले चिन्ताको भावमा व्यक्त गर्नुभयो ।

विनिताले सहजै उत्तर दिई, "हुन्छ आमा, भोलिदेखि पढ्छु ।"

तर विनिता भोलि हुँदा पनि त्यसैगरी दिन बिताउँथी । ऊ मोबाइलमा सामाजिक सञ्जाल त कहिले गेम त कहिले खेल हेरेर मात्र समय बिताउँथी । परीक्षा पनि सकियो । नतिजा पनि आयो ।

विनिताले रुँदै भनी, "आमा म त फेल भएछु नि !"

विनिता घरको एक कुनामा रुँदै थिई । उनका आमा र बुबाले उनलाई सम्झाउन खोजे ।

"हेर छोरी, पढ्ने बेलामा नपढेपछि नतिजा त यस्तै हुन्छ । जिन्दगीमा मेहनत नगरी सफलता पाउँदैनौ । अब तिमीले सोच्नुपर्छ, अझै ढिला भएको छैन ।" बुबाले सम्झाउने भावमा भन्नुभयो ।

"हो छोरी, मोबाइलमा मात्र ध्यान दिएर जिन्दगी बन्दैन नि । पढाइ नै तिम्रो भविष्य हो । मेहनत गर, हामी तिमीलाई सधैँ समर्थन गर्छौं ।" आमाले पनि पहिलाको सबै कुरा बिर्सेर सम्झाउनुभयो ।

विनिता आफ्नो कोठामा गई । ऊ झ्यालको छेउमा बस्दै बाहिर हेर्दै थिई ।

उसले एउटा दृश्य देखी । एउटा सानो चराको बच्चा गुँडबाट बाहिर जाने प्रयास गर्दै थियो ।

"ए, त्यो सानो चरा त उड्ने प्रयास गर्दैछ ।" मनमनै भनिन् विनिताले ।

तर बच्चा बारम्बार भुइँमा पछारिन्थ्यो ।

गुँडमा बसेकी आमाचरा आफ्नो बच्चालाई ध्यानपूर्वक हेरिरहेकी थिई । बच्चाले पटकपटक उड्ने कोसिस गरिरह्यो । अन्ततः धेरै पटक प्रयास गरेपछि, त्यो बच्चा सफल भयो र गुँडमा आमासँग फर्कियो ।

"वाह ! त्यो सानो चराले कस्तो मेहनत गरेर उड्न सिकेको । हार मानेन आफ्नो आमालाई खुसी बनाउन यसले गरेको प्रयास देखेर म त छक्क परेँ । म पनि यस्तै गर्छु अब । मेहनत गरेर म पनि मेरो आमाबुबालाई गर्वित बनाउँछु ।" विनिताले कही गर्ने अठोट लिई ।

त्यस दिनदेखि विनिताले आफ्नो जीवनलाई नयाँ ढङ्गले हेर्न थाली ।

"छोरी, आज के गर्दै छ्यौ ?" आमाले फेरि सोध्नुभयो ।

"पढ्दै छु, आमा । अबदेखि मोबाइलमा समय खेर फाल्दिनँ । म मेहनत गरेर राम्रो नतिजा ल्याउँछु ।"

आमाले खुसी हुँदै भन्नभयो, "यो सुनेर म कति खुसी भएँ, तिमीले आफ्नो गल्ती बुझ्यौ ।"

विनिताको परिवर्तन देखेर घरका सबै खुसी भए । ऊ दिनरात मेहनत गरेर पढ्न थाली । केही महिनापछि अर्को परीक्षा आयो । "छोरी, नतिजा आएको छ त । जाऊ हेर्न स्कुल ।"

"आमा ! मैले पास गरेँ ! म धेरै राम्रो अङ्कले पास भएछु । अब विनिताको जीवनमा नयाँ उत्साह थपियो । उनले चराको बच्चाबाट सिकेको पाठले आफ्नो जीवन बदलिदिएको थियो । मेहनत र लगनशीलता नै सफलताको सूत्र हो भन्ने कुरामा उनी पूर्ण विश्वस्त भई ।

कक्षा-४, नवोदय शिशु सदन
हेटौंडा-४

Winter Season

Saroj Prasad Shah

Nepal's winters, particularly in high-altitude regions, can see temperatures plummet below -20°C, posing severe risks like hypothermia and frostbite. According to WHO, 6 million people globally face cold-related health issues annually. In Nepal, vulnerable populations, including 30% below the poverty line, struggle for proper clothing and heating. To combat this, experts recommend wearing insulated layers, using locally available heating methods like firewood while ensuring ventilation to prevent carbon monoxide poisoning. Access to warm shelters is crucial, especially for 8% of Nepalis living in poorly insulated homes. Communities can benefit from distributing blankets and hosting awareness campaigns on cold safety. These interventions, paired with nutritious diets, could save thousands from cold-related health crises every year.



साहित्यमा हुने भेद्भाव र प्रतियोगितामा देखा पर्ने भेद्भाव

सिएम रिमाल

नेपाल जस्तो बहु-सांस्कृतिक र बहु-भाषिक देशमा क्षेत्रीय भेद्भावले पनि साहित्यलाई प्रभावित गरेको छ । काठमाडौँको साहित्यिक परिप्रेक्ष्य बाहिरका लेखकहरुलाई प्रायः उचित अवसर र सम्मान दिइँदैन । यसले ग्रामीण र हिँड्ने क्षेत्रका साहित्यलाई उपेक्षित गराउँछ ।

साहित्य मानिसको भावना, विचार र समाजको विविधता उजागर गर्ने महत्वपूर्ण माध्यम हो भन्ने कुरा त हामी सबै छर्लङ्गै छौँ । यसले समाजका विभिन्न पक्षलाई उजागर गर्दै सबैलाई समान रूपले सम्बोधन गर्नुपर्ने चाहन्छ तर इतिहास र वर्तमानमा साहित्यिक क्षेत्रमा विभिन्न भेद्भावहरू पनि प्रकट भएका छन् । विशेष गरेर, साहित्यका विभिन्न प्रतियोगिताहरुमा देखा पर्ने भेद्भावले यो क्षेत्रलाई प्रभावित गरेको छ ।

साहित्यको क्षेत्र एक विचार र कलात्मक अभिव्यक्तिको महत्वपूर्ण अङ्ग हो, जसले सामाजिक, सांस्कृतिक र राजनीतिक पक्षलाई उजागर गर्न महत्वपूर्ण भूमिका निभाउँछ तर साहित्य लेखन र प्रकाशनका क्रममा विभिन्न प्रकारका भेद्भावहरू देखा पर्छन् । सबैभन्दा प्रमुख भेद्भाव जातीयता, लिङ्ग, वर्ग र क्षेत्रीयताको आधारमा हुन्छ ।

साहित्य लेखनमा जातीय भेद्भाव प्रायः देखा पर्छ । विशेष गरी ऐतिहासिक र सांस्कृतिक दृष्टिकोणबाट हेर्दा, केही जाति समूहहरूको आवाजलाई साहित्यिक कृतिहरूमा स्थान दिइनु छैन । यसले समाजका कमजोर वर्गका अनुभव र कथाहरूलाई उपेक्षित गराउँछ ।

साहित्यका क्षेत्रमा महिलाहरूको सहभागिता प्रायः कम देखिन्छ । यद्यपि महिलाले साहित्यिक क्षेत्रमा ठूलो योगदान पुऱ्याएका छन्, तिनका कृतिहरूलाई पुरुष सत्ताधारी समाजले प्रायः अस्वीकार गरेको छ । महिलाका लेखहरूको मूल्याङ्कन र पहिचान पाउने प्रक्रिया पुरुष लेखकहरुको तुलनामा कठिन र लामो भएको छ ।

साहित्यमा कस्तो वर्गको विचार र अनुभवलाई महत्व दिइन्छ भन्ने कुरा पनि भेद्भावको कारण हो । उच्च वर्गका लेखकले लेखेका कृतिहरू प्रायः मिडिया र प्रकाशन क्षेत्रमा बढी सम्मानित हुन्छन्, जबकि निम्न वर्गका लेखकहरूको कृतिहरूलाई अवसर र पहिचान कम प्राप्त हुन्छ ।

नेपाल जस्तो बहु-सांस्कृतिक र बहु-भाषिक देशमा क्षेत्रीय भेद्भावले पनि साहित्यलाई प्रभावित गरेको छ । काठमाडौँको साहित्यिक परिप्रेक्ष्य बाहिरका लेखकहरुलाई प्रायः उचित अवसर र सम्मान दिइँदैन । यसले ग्रामीण र हिँड्ने क्षेत्रका साहित्यलाई उपेक्षित गराउँछ ।

साहित्यका विभिन्न प्रतियोगिताहरुमा पनि भेद्भाव प्रकट हुन्छ । यस्ता प्रतियोगिताहरुमा सिर्जनाकर्मीहरूले आफ्नो कृति प्रस्तुत गर्छन् तर यसमा पनि जस्तोसुकै समाजिक र सांस्कृतिक भेद्भाव छ ।

काठमाडौँ र अन्य प्रमुख शहरहरुको लेखकहरुलाई अधिकतम अवसर र सम्मान दिइन्छ, जबकि गाउँ र उपत्यकाबाहिरका लेखकमाझ कम अवसर पाइन्छ । यसले साहित्यिक प्रतिस्पर्धामा असमानता ल्याउँछ ।

महिला लेखकहरू प्रायः साहित्यिक प्रतियोगिताहरुमा समान अवसर पाउँदैनन् । प्रतियोगितामा चयन प्रक्रिया, निर्णायकहरूको पूर्वाग्रह र समाजका लिङ्गीय धारणा महिला लेखनको उचित मूल्याङ्कनमा बाधक बन्न सक्छ ।

जातीय र वर्गीय पहिचानले पनि साहित्यिक प्रतियोगितामा प्रभाव पार्दछ । केही जाति वा वर्गका लेखकहरूलाई अधिक अवसर र सम्मान मिल्न सक्छ, जबकि अन्यलाई बाहिर राखिएको महसुस गरिन्छ । यसले लेखकको सृजनात्मकता र आत्मविश्वासलाई असर पुऱ्याउँछ ।

साहित्यिक क्षेत्र र प्रतियोगितामा हुने भेद्भाव समाजको प्रतिविम्ब हो । जसरी समाजमा असमानता र भेद्भाव पाइन्छ, त्यस्तै साहित्यिक क्षेत्रमा पनि ती असमानताहरू देखा पर्छन् । यस्ता भेद्भावले सिर्जनाकर्मीहरूको अवसरलाई सीमित गर्छ र समाजका विभिन्न वर्गका आवाजलाई दबाउँछ । यसैले साहित्यमा समानता र न्यायको सुनिश्चितता आवश्यक छ । समान अवसर र प्रतिनिधित्वको माध्यमबाट मात्र हामी साहित्यको सही अर्थ र विकासमा योगदान पुऱ्याउन सक्छौँ ।

चित्रकला



वादल थापा मगर
कक्षा-८, रेडरोज इंग्लिस बोर्डिङ स्कूल, हेटौंडा-१६



बिहान कार्की
कक्षा-४, कमाने एकेडेमी, हेटौंडा-८



मनिका पाख्रिन
कक्षा-८, वंशगोपाल मावि, मकवानपुरगढी-२

दिनु हो लिनु होइन, राजनीति

रामबाबु थापा

राज्य चलाउने नीति राजनीति,
असल भावना अनि उत्कृष्ट विचार राजनीति,
सत्कर्मको पर्याय राजनीति,
स्वहितमा नभई परहितमा रमाउनु हो, राजनीति !
दिनु हो लिनु होइन, राजनीति !
पीडा निको पार्ने मलम बन्नु पर्ने राजनीति,
सेवा हो राजनीति, सेवा निःस्वार्थ हुन्छ ।
यसो गरेँ उसो गरेँ भनेर अलाप्नै पर्दैन !
किनकि, सेवा देखावटी हुँदैन ।
जहाँ राजनीति शुद्ध हुन्छ, त्यहाँ सबै राम्रो हुन्छ,
राम्रो बन्न भन्ने होइन गर्ने हो
त्यसैले,
राम्रो गर राम्रो गर्न तिमीले उर्दी लाइरहनु पर्दैन ॥
समाप्त

हेटौंडा-४

कोपिलाका सपना

आराध्या उप्रेती

आज हामी कोपीला छौं
सपना छ फूल बन्ने
कोपिका सपना छन्,
संसारलाई धान्ने ।

ठूलो भएर आफ्नो आफ्नो,
चालचलन चालचलन् मान्ने
आफ्नो साथ सङ्गत पाउन,
राम्रो मान्छे छान्ने ।

समाज सेवा गरेर
ठूलो मान्छे बन्ने
सुख सुखलाई अङ्गलाई भएको
दुःख सबै हि दिएर, तान्ने ।

कक्षा-६, जीएसन निकेतन मावि, हेटौंडा-५

मेरो दिदी

कृतिका हुमागाईं

नेपाली माध्यम
आमा समान मेरो दिदी तिम्रो यादमा सदैव आँखा भिजिन्छ
तिम्रो व्याख्या गर्नुपर्दा मेरो हरेक शब्द रितिन्छ
तिम्रो उपस्थितिले मात्र मेरो हरेक दुःख मेटिन्छ

तिमीले दिएको आत्मा विश्वास
तिमीले सिकाएको माया र सम्मान
मेरो हर सफलता तिमीलाई समर्पीत
तिमी मेरो जीवनको प्रेरणा मेरो अभिमान

मेरो दिदी मेरो जीवनको आधार
तिमी बिना जीवन अधुरो हरेक सपना बेकार
तिम्रो स्नेहले भरिएको कयौं मन
तिम्रो यादले सजाउँदै हरेक क्षण

जुन दिन घरबाट विदाई हुनेछ तिम्रो
तिमीसँगै घरको आँटमा जानेछन्
जुन दिन मेरो घरको छोरी अर्काको घरको बुहारी हुनेछौ
त्यो दिन मेरो मनमा पीडा र गर्भको मिश्रण हुनेछ
आँखाबाट आँसु झर्छ मुटु खुशीले भरिन्छ

तिमीले पाएको हरेक सफलता मेरो गर्व हुनेछ
तिमीले पाएको हरेक आर्शिवाद मेरो प्राण हुनेछ ।

कक्षा-१०, सिद्धार्थ माध्यमिक विद्यालय, हेटौंडा-२

मेरो देश

गौरिका पराजुली

प्राकृतिक रुपले धनी हाम्रो देश
बस्छन सबै जातजाति र लगाउँछन विभिनन भेष ।
हिमाल पहाड र तराईमा विभाजन गरेको देश हाम्रो
सबै मिलिजुलि बनाउँछौं भविष्यमा देश हाम्रो ॥

सबैजना मिलिजुलि राखौं देशको नाम माथि
'हाम्रो देश नै राम्रो' यती कुरा जानी राखौं साथी ।
यही देशको माटोमा जन्मेका छौं हामी
गर्नुहुन्न कहिले पनि नराम्रो काम जानीजानी ॥

कक्षा-७, जिएस निकेतन मावि, हेटौंडा-५

गाउँखाने कथा

१. वारी भित्ता कुकुर भुक्छ, पारी भित्ता पुच्छर लुक्छ ।
- शिकार खेलेको

२. एकातिर दाजु बस्छन् अर्कोतिर भाई, भेटघाट कहिल्यै हुन्न एकै ठाउँमा आई ।
- घाम र जुन

३. सबैलाई चाहिने, मरुभूमिमा नपाइने ।
- पानी

४. सय भाइको एउटै चिहान ।
- खरानी

५. वारी धारो पारी धारो, तिम्रो बाबुलाई दाँतले दाऱ्यो, जाऊ जाऊ हेर्न कस्तो पाऱ्यो, हेर्न माऱ्यो ।
- काठ चिरेको

रात

बियन्का विष्ट

जब यता उता हेरेँ
चारैतिर अँध्यारो देखेँ
अँध्यारो रहेछ आकाश
अँध्यारो रहे जमिन

किन किन डर लाग्न थाल्यो
आफ्नैसँग विश्वास भाग्न थाल्यो
घर घरमा मारिएका छन्
केही नगर्दा पनि छोरी चेली

कोसँग डराउनु
कोसँग नडराउनु
आफ्नैले विश्वास तोड्छन्
जलाएर झुण्डाएरै पनि मार्छन्

अब कसको के विश्वास गर्नु
छोरी चेली कसरी जोगाउनु
दाइजोको निहुँमा मारिदिन्छन्
सायद अब डराएर छोरीले
जन्म लिन पनि छाडिदिन्छन्

कक्षा-५, नवोदय शिशु सदन, हेटौंडा-४

सामुदायिक रेडियो,
रेडियो निकास ९३.४
मेगाहर्ज
सुनौं र
सुनाऔं
रेडियो निकास ९३.४
हेटौंडा, मकवानपुर
The Voice of Community

सातको राशिफल

पं. ज्यो. तोयानाथ सुवेदी
सम्पर्क : ९७४५०२८५५५

मेष राशि: पुरुषार्थी कामले समाजमा स्थापित भइनेछ । रोकिएका कामहरु बन्ने समय योग छ । न्याय प्रशासनमा प्रतिस्पर्धीहरुलाई पछि पारिएला । समयले साथ दिने समय योग छ । महत्वपूर्ण घरायसी काममा समयोग प्राप्त होला । व्यापार–व्यवसाय अनि सामाजिक एवं धार्मिक कृत्यमा सरिक भइने छ ।

वृष राशि: बन्दव्यापार र पेशागत काममा सामान्य समय छ । कामकारोबारमा साथी सङ्गी र गुरुजनको सहयोग प्राप्त होला । बिचारको कदर हुने समय छ । खानपान र मनोरञ्जनमा समय व्यतित होला । सम्झौताका लागि अनुकूल छ । अध्ययन–अध्यापन ठिकै छ । वैदेशिक प्रयोजनबाट घाटा । परोपकारमा मन जाला ।

मिथुन राशि: दीर्घकालिन प्रतिफल प्राप्त होला । बाध्यात्मक खर्च वृद्धि एवं परोपकारी वा दानपुण्यका काममा सरिक भइने छ । मायाप्रेमका लागि समुचित समय छ । कामधन्धाले मानसिक तनाब बढ्ला । व्यापार–व्यवसाय मध्यमकारक छ । जिद्धीपनाले घाटा होला । पढाइ–लेखाइ मध्यम छ । धार्मिक कृत्यमा सरिक ।

कर्कट राशि: हैसियतमा वृद्धि हुनेछ । प्रतिष्ठामा पनि वृद्धि होला । हाँके ताकेका कामहरु पूर्ण हुने छन् । धार्मिक एवम् सामाजिक काममा सरिक । तिर्थ व्रतका काममा सरिक भइनेछ । व्यापार–व्यवसाय मध्यम नै मान्नुपर्दछ । घर–परिवारले सहयोग गर्लान् । पढाइ–लेखाइ ठिकै छ । यात्रा योगमा सरिक ।

सिंह राशि: अचल–चल धनको उपयोग होला । परिश्रमले धनागम होला । कामधन्धाले प्रगतिको बाटो समात्ने छ । अध्ययनमा सीप बढ्ला । स्वास्थ्यमा सुधार योग छ । हाँके ताकेका काम पूरा पूरा भएपनि इच्छा बढ्ने समय योग छ । दोहोऱ्याएर काम गर्नुपर्ला । कारोबारमा सतर्कता अपनाउनु पर्ला । धार्मिक र सामाजिक काम ठिकै छ ।

कन्या राशि: पेशा/व्यवसाय र कार्यक्षेत्रमा सोच अनुरुप लाभ प्राप्त हुनेछ । मनमा दोधारको अवस्था आइपर्ला । अध्ययन–अध्यापनमा सरिक भइनेछ । जिम्मेवारी र पदभार बढ्न सक्ला । वैदेशिक समस्या हल होला । अहंकारबाट जोगिदा राम्रो होला । शिक्षा–दीक्षामा नयाँ कुरा प्राप्त हुनेछ ।

तुला राशि: आम्दानी बढ्ला । धनागमले मन जित्ला । आलस्य त्यागेर उत्साह पूर्वक अगाडी बढ्दा राम्रो रहला । दानपुण्यमा सरिक भइएला । ऋण सापटीमा धनागम नहोला । सोचबिचारी काम गर्नुपर्ने योग छ । पढाइ–लेखाइ मध्यम छ । धार्मिक र परोपकारजन्य काममा सरिक भइने छ ।

वृश्चिक राशि: कामबाट सन्तुष्टि प्राप्त होला । जिम्मेवारी र कर्तव्यप्रति सचेत हुँदा राम्रो । नयाँ कार्य र परियोजनामा उपस्थित राख्दा राम्रो रहने छ । भौतिक सुख–सुविधामा मन जाला । व्यापार–व्यवसाय मध्यमकारक छ । पढाइ–लेखाइ ठिकै छ । धार्मिक र सामाजिक अनि परोपकारका काममा सरिक भइने छ ।

धनु राशि: कार्यक्षेत्र, व्यवसाय र कामधन्धामा व्यस्त रहनुपर्ने समय योग छ । परीक्षा–प्रतियोगितामा विजय भइने छ । आत्मबल र हौसला प्राप्त हुने समय छ । प्रतिष्ठामा वृद्धि । दौडधूप र धपेडीको समय छ । पौष्टिक आहारमा ध्यान दिंदा राम्रो । लेनदेनमा विचार गर्नुपर्ला । अध्ययन–अध्यापन मध्यमकारक नै छ ।

मकर राशि: नसोचेको ठाउँबाट आर्थिक लाभ होला । रोकिएका कामहरु सम्पन्न होलान् । अप्ठ्यारा परिस्थितिलाई सहज बनाउने समय छ । कारोबारमा सफलता प्राप्त होला । व्यक्तित्व विकास हुने समय योग छ । पढाइ–लेखाइ मध्यमकारक रहला । धार्मिक र सामाजिक काममा सरिक भइने छ ।

कुम्भ राशि: स्वास्थ्य स्थिति कमजोर रहला । व्यापार–व्यवसाय त्यति लाभकारक नहोला । गोपनियतामा विशेष ध्यान दिनुपर्ला । खानपानमा र आहारबिहारमा सजगता अपनाउनु पर्ला । कर्तव्य र दायित्व बढ्ने योग छ । धार्मिक कार्यमा सरिक भइनेछ । अध्ययन–अध्यापनमा मन नजाला ।

मीन राशि: मायाप्रेम र भावनात्मक काममा सरिक भइनेछ । आमाको सल्लाहमा गरिएको काममा सफलता प्राप्त होला । साँझेदारी पेशाबाट लाभ होला । रमणीय र सुखद यात्रा होला । व्यापार–व्यवसाय मध्यम नै छ । कार्यक्षेत्र र प्रशासनिक काममा सरिक भइने छ । बादविवादबाट बच्दा राम्रो । वैवाहिक पलको स्मृति आउला । धार्मिक काम र सामाजिक दायित्व बढ्नेछ ।

मोटरसाइकल हराएको सूचना

हेटौंडा–२, संगमचोक निवासी सत्यमान श्रेष्ठको बा.प्र. ०२०२६ प २२०८ नम्बरको १५० सिसीको FZ मोटरसाइकल (च्याचिस नम्बर ME1RG4414M0091828, इन्जिन नम्बर G3J3E0546881) यहि मिति २०८१ साल मंसिर २० गतेका दिन साँझ ६ बजे देखि ६:४५ को समयमा घर अगाडी पार्किङ्ग गरेर राखेको अवस्थामा हराएको हुँदा कहिँकतै देख्नु पाउनु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा तलको उल्लेखित मोबाइल नम्बरमा सम्पर्क गरी जानकारी गराइदिनु हुन यो सूचना प्रकाशित गरिन्छ ।
सम्पर्क: ९८४५०२२९१५

रोजगारीको अवसर

यस पुनम सप्लायर्सका लागि बजार प्रतिनिधिको आवश्यकता भएको हुँदा इच्छुक, योग्य व्यक्तिहरबाट दरखास्त आव्हान गरिन्छ ।
• कार्यक्षेत्र : हेटौंडा उपमहानगरपालिका ।
• अनुभव : आवश्यक छैन ।
• काम : personal care, food supplement, clothes, grocery product हरुको प्रवर्द्धन गर्ने ।
•आफ्नो वायोडाटा निवेदनको साथ पेश गर्नुहोला ।
सेवा सुविधाहरू
• तलब : १५,००० बाट सुरु भई १,००,००० सम्म,
• अन्य सेवा सुविधा सप्लायर्सको नियम अनुसार हुनेछ ।
सम्पर्क
मोबाइल नम्बर ९८५५०७३४९८, ९८०४२०४२०२३६
स्थानः हेटौंडा-१ राप्तीरोड मकवानपुर

हेटौंडा रिफरेन्स ल्यावरोटरी
ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।
Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।
साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।
(HRL)
खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म
सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५० प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।
थप जानकारीको लागि HRL
हेटौंडा रिफरेन्स ल्यावरोटरी
हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

सञ्चालनमा आयो
पशुपति ईभी चार्जिङ स्टेशन
हेटौंडा-४ पशुपति मन्दिरअगाडि
पशुपति ईभी चार्जिङ सेन्टर

६ वटा चार्जिङ युनिटसहित
सम्पर्क: ९८५५०६८८७३

Welcome to the
Second District Cabinet Meeting
Lions International
District 325 S, Nepal
Host: Area 2
Date:
7 Dec, 2024
Venue:
Hotel Avocado
2ND DISTRICT CABINET MEETING
LY-2024/25
Mark the Date
7 DEC,2024
HOTEL AVOCADO

Lion Tashi Dolma Tumbahangphe
Governer
Lions Internatoinal District 325 S Nepal

समाचारमा लायन्स इन्टरनेशनल डिष्ट्रिक्ट ३२५ एस नेपाल



म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समा

समृद्ध स

SAMRIDDHA SAMAJ NATIONAL DAIL

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

वर्ष:१५ अङ्क:- ३०९ २०८१ असोज १६ गते बुधबार 2 October 2024, Wednesday -

लायन्स क्लबद्वारा सिस्नेरीका बाढीपीडितलाई राहत सामग्री

समाज संवाददाता

हेटौंडा: लायन्स क्लबले मकवानपुरको ईन्द्रसरोवर गाउँपालिकाको सिस्नेरीमा बाढी पहिरोपीडित परिवारलाई राहत सामग्री हस्तान्तरण गरेको छ। मंगलबारसाँझ ईन्द्रसरोवर गाउँपालिका पुगेर लायन्स क्लबका पदाधिकारीहरुले गाउँपालिकाका अध्यक्ष देवकृष्ण पुडासैनी, उपाध्यक्ष उमा लामालाई राहत सामग्री हस्तान्तरण गरेका छन्।

स्थानीय प्रशासनको आव्हानमा लायन्स क्लब इन्टरनेशनल र स्थानीय लायन्स क्लबहरुको सहयोगमा करिब ४ लाख रुपैयाँ बराबरको सहयोग सामग्री हस्तान्तरण गरिएको छ। लायन्स क्लबले ६५ परिवारका लागि खाद्यान्नसहित म्याट र त्रिपाल सहयोग गरेको हो। लायन्स क्लब इन्टरनेशनल डिष्ट्रिक्ट ३२५ एस नेपालकी गभर्नर टासी डोल्मा तुम्बाहाङफेको नेतृत्वमा एक टोली सिस्नेरी गएको हो। हेटौंडाबाट ईन्द्रसरोवर गाउँपालिका-२ स्थित खानीखोलासम्म मात्रै गाडी जान सक्ने अवस्था रहेकोले सिस्नेरीतर्फबाट सहयोग सामग्री लिनका लागि सीमानासम्म बोलाएर सहयोग सामग्री हस्तान्तरण गरिएको लायन्स क्लब इन्टरनेशनल डिष्ट्रिक्ट ३२५ एस नेपालका जनसम्पर्क अधिकारी जेपी यादवले जानकारी दिनुभएको छ।

लायन्सले प्रतिपरिवार २५ केजी चामल, २ केजी दाल, २ थान त्रिपाल, तेल २ लिटर, साबुन २ थान, बिस्कुट २ प्याकेट, केराउ २ केजी, नुन १ केजी र सोयाबिन १ केजी उपलब्ध गराएको हो। स्थानीय प्रशासनले बाढी-पहिरो प्रभावित क्षेत्रमा सहयोगको आवश्यकता रहेको जानकारी प्राप्त भएपछि लायन्स क्लबको अन्तर्राष्ट्रिय कोषबाट २ लाख रुपैयाँसहित स्थानीय क्लबहरुबाट सहयोग संकलन गरिएको यादवको भनाइ छ। छोटो अवधिमा तत्कालै सहयोग संकलन गरेर वितरण गरिन लागेको र आगामी दिनमा पनि लायन्स क्लबले आफ्नो सञ्जालको प्रयोग गरेर थप सहयोगको कार्य गरिने स्पष्ट पार्नुभएको छ।

गत बिहिबारदेखिको निरन्तरको झरी र भारी वर्षाले शुक्रबार रातीदेखि सिस्नेरी बजारको २५ भन्दा बढी घर बगाएर बगरमा परिणत भएको छ। हेटौंडा-भीमफेदी-कुलेखानी-फर्पिङ सडक खण्डमा पनि ठूलो क्षति पुगेको छ।

सेवामा समर्पित लायन्स

Welcome
LION JP YADAV
AREA CHIEF, AREA-2, LIONS INTERNATIONAL 325 'S', NEPAL

सर्वप्रथम लायन्स इन्टरनेशनल डिष्ट्रिक्ट ३२५ एस नेपालको क्याबिनेट मिटिङमा सहभागी हुन हरित नगरी हेटौंडा आइपुग्नुभएका सम्पूर्ण अग्रज लायन, समकक्षी तथा नयाँ पुस्ताका लायनहरुमा हार्दिक स्वागत गर्दछु।

प्रि क्याबिनेट शुक्रबार सम्पन्न भएको छ। क्लब अध्यक्ष भन्दा माथिल्लो तहमा रहनुभएका जोन चेयरपर्सन, रिजन चेयरपर्सन, क्याविनेट अफिसरहरुले आ-आफ्नो कार्यप्रगति गभर्नर समक्ष प्रस्तुत गर्नुभएको छ। प्रि-क्याविनेट मिटिङमा प्रस्तुत भएका विवरणकै आधारमा गभर्नरले उत्कृष्ट कार्य गर्ने पदाधिकारीलाई आज हुँदै गरेको क्याबिनेट मिटिङमा प्रोत्साहन गर्नुहुनेछ। राम्रो कामको मूल्यांकन गरी गभर्नरबाट हौसला प्राप्त गर्नुहुने तपाइँ सम्पूर्णमा हार्दिक बधाई चन्न चाहान्छु। साथै सेवाभावले लायन्स क्लबमा आवद्ध तपाइँ सम्पूर्णलाई आगामी दिनमा पुरस्कृत, सम्मानित हुने गरी कार्य गर्न उत्साह प्राप्त होस् भनी शुभेच्छा व्यक्त गर्दछु।

लायन्स क्लबका ५ सेवा क्षेत्र वृक्षरोपण, रक्तदान, मधुमेह परीक्षण, बालबालिकामा हुने क्यान्सर, भोकमरीविरुद्ध लायन्सले साथ, सहयोग र सहकार्यको काम सदैव हाम्रो उत्साहजनक र रचनात्मक कार्य गर्न सदस्य साथीहरुलाई शुभेच्छा व्यक्त गर्दछु। यसका साथसाथै भैपरी आउने काममा लायन मित्रहरुलाई सफलताको शुभकामना व्यक्त गर्दछु।

पछिल्लो ३ महिनाको प्रगति प्रस्तुतीका क्रममा मुख्यत: गत असोजको बाढी, पहिरोमा परी व्यहोर्नु परेको क्षति अपूरणीय छ। यद्यपि पीडितलाई राहत, उद्दार र पुनर्स्थापनाको काममा लायन्सले निरन्तर सहयोग गर्दै आएको छ। क्याविनेट मिटिङमा सम्पूर्ण सहभागीले आगामी ३ महिनाको कामको योजना स्पष्ट खाका प्रस्तुत गर्दै मानवीय सेवाको कार्यमा निरन्तर क्रियाशीलताको कामना समेत गर्दछु। हामी आगामी त्रैमासिक अवधिमा हेटौंडा अस्पतालमा चमेनागृह निर्माणको प्रक्रिया अगाडि बढाउने छौं। लायन्स इन्टरनेशनलको डेढ लाख अमेरिकी डलर सहयोगमा हेटौंडा अस्पतालमा चमेनागृह तयार हुनेछ। क्याबिनेट मिटिङमा सहभागी हुनुहुने तपाइँ सम्पूर्ण लायन मित्रहरुलाई रचनात्मक र मानवीय सेवाका परियोजना सञ्चालन गर्नुहुन आग्रह गर्दै हेटौंडा बसाई सुखद् र उपलब्धीमूलक रहोस् भनी शुभेच्छा व्यक्त गर्दछौं।

लायन जेपी याद्व
प्रमुख जनसम्पर्क अधिकृत
लायन्स इन्टरनेशनल डिष्ट्रिक्ट ३२५ एस नेपाल

लायन्स इन्टरनेशनल डिष्ट्रिक्ट ३२५ एस नेपालले हेटौंडा-१७ स्थित दिव्यज्योति आधारभुत विद्यालयमा निर्माण गरेको खाजा घर।

लायन्स इन्टरनेशनल डिष्ट्रिक्ट ३२५ एस नेपालले बाढीपहिरो पीडितका लीग वितरण गरिएको राहत सामग्रीहरु।

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगाना: हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ